Govt. Regd. No.: 38877-062/63

PEA
Association (P) Ltd.
Jaycees Bhawan, Thapathali, Kathmandu
Tel: 977-1-4245730, 2031021
E-mail: peabe@wlink.com.np

# प्रेस विज्ञप्ति

आदरणीय पत्रकार ज्युहरु,

वि.सं. २०५१ सालमा वि.इ./वि.आर्कको संगठित र गुणस्तरीय प्रवेश परीक्षाको तयारी गराउने उद्देश्यले स्थापित **पिइए एसोसिएसन प्रा.लि.** ले विभिन्न आरोह अवरोहका आफ्ना गौरवपूर्ण २८ वर्ष पार गरी २९ औं वर्ष प्रवेश गरेको तथ्य सगौरव जानकारी गराउदै यस विचमा हामीहरुलाई प्रत्यक्ष एवम् परोक्ष रुपले सहयोग पुऱ्याउनु हुने समस्त प्राध्यापक, शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी र शुभचिन्तकहरु प्रति सहृदय आभार प्रकट गर्दछौं।

२८ वर्ष अघि इन्जिनियरिङ्ग प्रवेश परीक्षाको गुणस्तरीय तयारीको सोचबाट अभिप्रेरित भई केही शिक्षक र विद्यार्थीबाट सुरु भएको यो संस्था आज काठमाण्डौं थापाथलीस्थित आफ्नै सुविधा सम्पन्न भवन, सयौ अनुभवी एवम् दक्ष शिक्षक, प्राध्यापक र हरेक वर्ष हजारौ विद्यार्थीहरुका साथ अगाडि बढिरहेको जानकारी गराउन पाउँदा गौरव अनुभूति भइरहेको छ । यो अवधिमा पिइएबाट प्रत्यक्ष एक लाख पचास हजार विद्यार्थीहरुले प्रवेश परीक्षाको तयारी गरिसकेका छन् भने झण्डै पचास हजार इन्जिनियर उत्पादित भइसकेका छन्, परोक्ष लाभ लिनेको संख्या अझ बढि छदैछ। वि.इ र वि. आर्कको तयारीमा मात्र सिमित नरही विज्ञान प्रविधि र गुणस्तरीय इन्जिनियरिङ्ग शिक्षामा पिइएले आफ्नो महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । स्वदेशी विश्वविद्यालयहरुद्वारा इन्जिनियरिङ्ग र विज्ञान प्रविधि संकाय अन्तर्गतका विभिन्न विषयहरुको स्नातक, स्नातकोत्तर तह र विभिन्न दूतावासहरुद्वारा लिइने छात्रवृत्तिका लागि तयारी कक्षाहरु सञ्चालन गर्ने, गुणस्तरीय पाठ्यसामग्री उत्पादन गर्ने र स्तरीय नमुना परीक्षा सञ्चालन गरी विद्यार्थीहरुलाई प्रवेश परीक्षाको पूर्ण तयारी गराई उनीहरुमा आत्मविश्वास जागृत गर्ने काम पिइएबाट अविछिन्न रुपमा भइरहेको छ। यसप्रति अभिभावक र विद्यार्थीहरुको जुन अपार विश्वास र भरोसा सन्निहित छ, हामी धेरै उत्साहित र आभारी छौं।

कोभिड महामारीकै बीच हामीले पिइएलाई डिजिटल सिस्टममा जोडेर घरघरबाट कक्षा लिन सक्ने व्यवस्था गरेका थियौं भने अहिले पनि भर्चुअल माध्यमबाट कक्षा लिन चाहने विद्यार्थीहरुको लागि तथा काठमाण्डौं बाहिर भएका विद्यार्थीहरुले घरमा बसेर नै आफ्नो तयारीलाई निरन्तरता दिन सक्ने अवस्था विद्यमान छ।

**पिइएले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत २८ औं वर्ष पूरा गरेको यो विशेष उपलक्ष्यमा देशभरबाट इन्जिनिरिङ्गको लागि विभिन्न विश्वविद्यालयको प्रवेशको लागि यस पटक इन्ट्रान्स दिने विद्यार्थीहरुलाई ब्राण्ड एम्बास्डर घोषणा गर्दै प्राथमिकताका आधारमा Online कक्षा लिन चाहने गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई First come first serve का आधारमा १००१ (एक हजार एक) विद्यार्थीहरुलाई शिक्षण शुल्कमा पूर्ण छात्रवृत्ति उपलब्ध गराउने घोषणा समेत गर्दछौं । जसले गर्दा काठमाण्डौ आई कोठा अथवा होस्टलमा बसी यातायात लगायतका खर्च बचाई गरिब तथा जेहेन्दार विद्यार्थीलाई इन्जिनियरिङ्ग शिक्षामा पहुँच पुऱ्याउन सकिने विश्वास संस्थाले लिएको छ।**

इन्जिनियरिङ्ग अध्ययन गर्नकै लागि ठूलो धनराशी खर्च गरेर विदेशीनु पर्दैन भन्ने कुरा आम अभिभावक/ विद्यार्थीहरुलाई बोध गराउँदै हरेक वर्ष इन्जिनियरिङ्ग इन्ट्रान्समा झण्डै शतप्रतिशत नतीजा निकाल्न सफल पिइएले आगामी दिनमा समेत सर्वोत्कृष्ट नतिजा ल्याई इन्जिनियर बन्ने सपनालाई साकार पार्नको लागि गुणस्तरीय शिक्षा दिने कुरामा पूर्ण कृतसंकल्पित रहँदै आगामी दिनमा यहाँहरुको अझ सक्रिय सहभागिता र रचनात्मक पृष्ठपोषणको अपेक्षा राख्दछौं।

समृद्ध राष्ट्र निर्माणका लागि कोशेढुंगाका रुपमा रहेको इन्जिनियरिङ्ग शिक्षालाई थप गुणस्तरीय बनाउने दिशामा हाम्रो सम्पूर्ण ध्यान केन्द्रित र मुखरित रहनेछ भन्ने विश्वास दिलाउदै सम्बन्धित सबै पक्षको उर्जाशील सदभाव र सहयोगको अपेक्षा राख्दै पिइए एसोसिएसन प्रा.लि. ले आफ्नो २८ औं वर्ष गाँठका अवसरमा घोषणा गरेको यस १००१ छात्रवृत्ति कार्यक्रमका बारेमा आफ्नो विद्यालयका विद्यार्थीहरुलाई जानकारी गराई दिनुहुन सम्पूर्ण शिक्षक, प्रिन्सिपल/प्राचार्यज्युहरु, संम्पादकज्युहरु, संचार माध्यमसँग संवन्धित महानुभावहरुमा सादर अनुरोध छ।

**नोट:** यस छात्रवृत्ति कार्यक्रम सम्बन्धि विस्तृत जानकारीको लागि www.pea.edu.np र www.facebook.com/peaedunp मा login गरी हेर्न सकिने छ।

**ई. लक्ष्मण पोखरेल**
संस्थापक एवं सिइओ
पिइए एसोसिएसन प्रा.लि.
थापाथली, काठमाण्डौं, नेपाल